# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, वैशाख १६ गते २०५६ साल (अतिरिक्ताङ्क ४ (ख)

## भाग २

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २८ बमोजिम राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४ मा देहाय बमोजिम संशोधन गरिबक्सी "राजगद्दी उत्तराधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०५६" जारी गरिबक्सेको छ ।

२०५६ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४ लाई संशोधन गर्न बनेको ऐन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावना : राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २८ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राजगद्दी उत्तराधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०५६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४ मा दफा २.५ थप : राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४ (यसपछि मूल ऐन भनिएको) को दफा २.४ पछि देहायको दफा २.५ थपिएको छ :-

"२.५ "शाही उपाधि" भन्नाले श्री ५ बाट राजपरिवारका मर्यादा, परम्परा र रीत बमोजिम राजपरिवारको सदस्यहरुको हैसियतले प्रयोग गर्न पाउने गरी बक्सेको उपाधि तथा राजपरिवारका कुनै पुरुष सदस्यसंग वैवाहिक सम्बन्ध जोड्ने नारीलाई बक्सेको शाही उपाधि समेतलाई सम्झनु पर्दछ ।"

३. मूल ऐनको दफा २ पछि रहेको शिर्षकमा संशोधन :मूल ऐनको दफा २ पछि रहेको "शक्तिको स्रोत र राजगद्दीको हक" भन्ने शिर्षकको सट्टा "नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताका प्रतीक र राजगद्दीमा हक" भन्ने शिर्षक राखिएको छ ।

४. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताका प्रतीक : सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र नेपाल अधिराज्यको पवित्र राजगद्दीमा राज होइबक्सेका श्री ५ नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताका प्रतीक होइबक्सन्छ ।"

५. मूल ऐनको दफा ५.८.१ मा संशोधन : मूल ऐनको दफा ५.८.१ को सट्टा देहायको दफा ५.८.१ राखिएको छ :-

"५.८.१ त्यसरी श्री ५ का श्री ५ बडामहारानी राजगद्दीमा राज होइबक्सेको अवस्थामा र छोरा पैदा होइबक्सी मौसूफ राजगद्दीमा विराजमान गरिबक्सेमा समेत मौसूफ अठार बर्ष पूरा नगरिबक्सेसम्म नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३४ को उप-धारा (६) र (७) बमोजिम श्री ५ बाट बनाइबक्सेको नियमको अधीनमा रही राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा राजपरिषद्को बैठकले गर्नेछ ।"

६. मूल ऐनको दफा ५.१०.१ मा संशोधन : मूल ऐनको दफा ५.१०.१ को सट्टा देहायको दफा ५.१०.१ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५.१०.१ त्यसरी श्री ५ बडामहारानी वा श्री ५ का उत्तराधिकारी श्री ५ युवराजाधिराजका धर्मपत्नी श्री ५ युवराज्ञी राजगद्दीमा राज होइबक्सेको अवस्थामा र छोरा पैदा होइबक्सी राजगद्दीमा विराजमान गरिबक्सेमा मौसूफ अठार बर्ष पूरा नगरिबक्सेसम्म नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३४ को उप-धारा (६) र (७) बमोजिम श्री ५ बाट बनाइबक्सेको नियमको अधीनमा रही सो अनुसार राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा राजपरिषद्को बैठकले गर्नेछ ।"

७. मूल ऐनको दफा ६.१ मा संशोधन : मूल ऐनको दफा ६.१ को सट्टा देहायको दफा ६.१ राखिएको छ :-

"६.१ श्री ५ का छोरा नभई धर्मपुत्र राख्ने इच्छा गरिबक्सेमा सामान्यतया मौसूफ पछि राजगद्दीमा राज हुन हक पुग्ने सबैभन्दा नजिकको हकदारलाई मौसूफबाट धर्मपुत्र राखिबक्सनेछ ।"

८. मूल ऐनको दफा ८.१ मा संशोधन : मूल ऐनको दफा ८.१ को सट्टा देहायको दफा ८.१ राखिएको छ :-

"८.१ कुनै वंशजका सम्बन्धमा देहाय बमोजिम भएको छ भन्ने कुरा श्री ५ मा लागेमा मौसूफबाट त्यस्तो वंशजलाई राजगद्दीको उत्तराधिकारीको हक र क्रमबाट बन्चित गर्न सकिबक्सनेछ ।"

९. मूल ऐनको दफा ११.४ मा संशोधन : मूल ऐनको दफा ११.४ को सट्टा देहायको दफा ११.४ राखिएको छ :-

"११.४ श्री ५ बाट राजपरिवारका कुनै सदस्यलाई वा राजपरिवारका कुनै पुरुष सदस्यसंग वैवाहिक सम्बन्ध जोड्ने नारीलाई राजपरिवारका मर्यादा, परम्परा र रीत बमोजिम राजपरिवारका सदस्यको हैसियतले प्रयोग गर्न पाउने शाही उपाधि बक्सन सकिबक्सनेछ ।"

१०. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

"१२. शाही उपाधि फिर्ता लिने वा राजपरिवारको सदस्यताबाट निष्काशन हुने वा अन्य सहुलियतहरु रोकिने अवस्था : राजपरिवारका सदस्यले पालना गर्नु पर्ने गरी समय समयमा विशेषत: वा साधारणत: श्री ५ बाट बनाइबक्सेको नियममा तोकिएको आचरणहरु पालना नगरेको वा खराब आचरण हुन गएको छ भन्ने श्री ५ मा लागेमा मौसूफबाट समय समयमा बनाइबक्सेको नियममा व्यबस्था भएको समितिको रायमा श्री ५ बाट निजले पाएको शाही उपाधि फिर्ता लिन वा निजलाई राजपरिवारको सदस्यताबाट निष्काशन गर्न वा दुवै गर्न सकिबक्सनेछ वा अन्य सहुलियतहरु रोक्न सकिबक्सनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ :-

"१३. अपराध तथा सजाय : कसैले श्री ५ का गाथ वा राजगद्दी वा दुवै ताकेमा वा सो गर्न उद्योग वा षडयन्त्र वा चेष्टा गरेमा वा यस ऐन बमोजिम निर्धारित राजगद्दी उत्तराधिकारीको हक र क्रममा श्री ५ बाट अन्यथा व्यवस्था गरिबक्सेमा बाहेक खलल पारेमा निजलाई राजपरिवारको सदस्य भए राजपरिषद् स्थायी समितिको परामर्शमा श्री ५ बाट हुकुम बक्से बमोजिम कारवाही तथा दण्ड सजाय र अन्य व्यक्ति भए अपराधको प्रकृति तथा गाम्भिर्यता हेरी दश बर्ष कैद, जन्मकैद वा सर्वस्व सहित जन्मकैद हुनेछ ।"

१२. मूल ऐनको दफा १४.३ मा संशोधन : मूल ऐनको दफा १४.३ को सट्टा देहायको दफा १४.३ राखिएको छ :-

"१४.३ दफा १४.२ बमोजिमको मुद्दाको कारवाही खुल्ला वा बन्द इजलासमा हुनेछ ।"

१३. मूल ऐनमा दफा १६क. थप :- मूल ऐनको दफा १६ पछि देहाएको दफा १६क. थपिएको छ :-

"१६क. राजपरिषद्को परामर्श लिन सकिबक्सने: यस ऐनमा राजपरिषद् वा राजपरिषद् स्थायी समितिको परामर्शमा गरिबक्सने भनी किटानीसाथ व्यवस्था गरेकोमा बाहेक अन्य कुरामा श्री ५ बाट चाहिबक्सेमा राजपरिषद् वा राजपरिषद् स्थायी समितिको परामर्श लिन सकिबक्सनेछ ।"

१४. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"१७. बाधा अड्काउ फुकाउने अधिकार : यो ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आई परेमा श्री ५ बाट आवश्यक आदेश जारी गर्न सकिबक्सनेछ र त्यस्तो प्रत्येक आदेश यसै ऐनमा परे सरह मानिनेछ ।"

**लालमोहर सदर मिति-: २०५६।१।१६।५**

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

398